'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक
वर्ष १ | अंक : १७१ | शनिवार ०३ फागुन, २०८१ | 15 (Saturday) February 2025 | पृष्ठ ४, | मूल्य रु : १०|-

# नमुना विद्या सदन स्कुलमा विज्ञान प्रदर्शनी र सांस्कृतिक फुड फेस्टिभलसँगै बार्षिक उत्सव सम्पन्न

## *नमुना विद्या सदन: शैक्षिक गुणस्तर र जीवन उपयोगी शिक्षामा अग्रणी*

■ सरला सुवेदी
कोहलपुर, फागुन/०२

बाँकेको कोहलपुर नगरपालिका -८, बाबानगर स्थित नमुना विद्या सदन इङ्लिस मिडियम सेकेण्डरी स्कुलले आफ्नो वार्षिक उत्सवको अवसरमा बृहत् विज्ञान प्रदर्शनी र सांस्कृतिक फुड फेस्टिभल आयोजना गरेको छ। विद्यालयको वार्षिक कार्यतालिका अनुसार आयोजना गरिएको यस कार्यक्रममा विद्यार्थीहरूले विभिन्न विज्ञान सम्बन्धी सिर्जनाहरू प्रस्तुत गर्नुका साथै विभिन्न जातजातिका परम्परागत खानाका परिकारहरू प्रदर्शनी गरेका थिए। विज्ञान प्रदर्शनीमा विद्यार्थीहरूले बनाएका सोलार घर, फोहोर प्रशोधन गर्ने बायोग्यास प्लान्ट, सोलारबाट सिँचाइ प्रणाली, धरहरा मोडल जस्ता सिर्जनात्मक सामग्रीहरू प्रस्तुत गरिएका थिए। विद्यार्थीहरूले नवीनतम प्रविधिको प्रयोग गरी विज्ञानलाई व्यवहारिक रूपमा बुझ्ने अवसर पाएका थिए। कार्यक्रममा विद्यालयका कार्यकारी निर्देशक शिव डाँगीले विद्यार्थीहरूको क्षमता अनुसार निर्माण गरिएका




सामग्री प्रदर्शनी र व्यवहारिक ज्ञानको विस्तार मुख्य उद्देश्य रहेको बताउनुभयो। कार्यक्रममा प्रमुख अतिथि रहेका कोहलपुर नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष लालबहादुर रानाले विज्ञान प्रदर्शनी अवलोकन गर्दै बालबालिकाहरूलाई सही मार्गदर्शन गर्न अभिभावक र शिक्षकको भूमिका महत्वपूर्ण हुने बताउनुभयो। उहाँका अनुसार, "विद्यार्थीहरू काँचो माटो जस्तै हुन्, जसलाई उचित रूपमा आकार दिनुपर्छ।'' फुड फेस्टिभलको अवसरमा विद्यार्थीहरूले नेपाली अर्गानिक खाना, थारु परिकार, मगर परिकार लगायत विभिन्न जातजातिका परम्परागत खानाका परिकारहरू प्रदर्शन गरेका थिए। परिकार हरूमध्ये ढिडो, गुन्द्रुक, सिन्की, सेलरोटी, बगिया, अनदी, सुकुटी, ठेकीको दही लगायतका परिकार आकर्षणका केन्द्र बनेका थिए। विद्यार्थीहरूले आफ्नै हातले तयार पारेका खानाका परिकारहरू विद्यालय प्रशासन, शिक्षक, अभिभावक र अतिथिहरूलाई प्रस्तुत गरेका थिए। फेस्टिभलमा विद्यार्थीहरूले पेय पदार्थ देखि चटपटेसम्म आफैं तयार पारेर आफ्नो व्यावहारिक सिपको प्रदर्शन गरेका थिए। प्याब्सन बाँकेका अध्यक्ष विकास बज्राचार्यले नमुना स्कुल वास्तवमै नमुना भएको बताउँदै विद्यालयले बालबालिकाको क्षमता पहिचान गरी उनीहरूको शैक्षिक गतिविधि अघि बढाइरहेकोमा प्रशंसा गर्नुभयो। वार्षिक उत्सवकै अवसरमा विद्यार्थीहरूले नृत्य, कविता वाचन, नाटक लगायत विभिन्न साहित्यिक र सांस्कृतिक प्रस्तुति दिएका थिए। साथै, विभिन्न विधामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरूलाई पुरस्कार वितरण समेत गरिएको थियो। विद्यालयका प्रिन्सिपल सुधन गुरुङले बालबालिकाको भविष्य निर्माणमा अभिभावक र विद्यालय दुवैको उत्तिकै भूमिका रहने बताउँदै विद्यालयमा बेलाबेला अभिभावकसँग छलफल गरिने जानकारी दिनुभयो। उहाँले बालबालिकालाई नैतिकवान र अनुशासित बनाउन अभिभावक नै अनुशासित हुनुपर्नेमा जोड दिनुभयो। गुरुङका अनुसार, "हामी विद्यार्थीहरूको सर्वांगीण विकासमा विश्वास गर्छौं। शैक्षिक गुणस्तरसँगै अतिरिक्त क्रियाकलापहरूमा उत्तिकै ध्यान दिनु आवश्यक छ। यसले विद्यार्थीहरूको आत्मविश्वास बढाउँछ र उनीहरूलाई जीवनका विभिन्न पक्षहरूमा तयार पार्छ।'' यस्तै, प्याब्सन बाँकेका पूर्व अध्यक्ष यम बहादुर रावतले बालबालिकालाई अनुशासन, संस्कार र राम्रो नतिजा प्राप्त गर्ने वातावरण सिर्जना गर्न अभिभावक र विद्यालय दुवैले ध्यान दिनुपर्ने बताउनुभयो। कोहलपुर नगर शिक्षा शाखाका प्रमुख राम बहादुर हमालले बालबालिकालाई स्वेच्छिक रूपमा अध्ययन गर्ने वातावरण दिनुपर्ने र व्यवहारिक तथा प्राविधिक शिक्षामा जोड



दिनुपर्ने बताउनुभयो। स्कुलले आयोजना गरेको विज्ञान प्रदर्शनी र फुड फेस्टिभल विद्यार्थीहरूको सिर्जनात्मकता, व्यावहारिक ज्ञान र मौलिक संस्कृतिको प्रवर्द्धन गर्ने एउटा नमुना कार्यक्रम बन्यो। विज्ञान र संस्कृतिको समिश्रणले विद्यार्थीहरूलाई व्यवहारिक सिप मात्र होइन, आफ्नो परम्परा र जरा बुझ्ने अवसर प्रदान गर्यो। विद्यालयले वार्षिक रुपमा यस्ता गतिविधिहरू गर्दै आएको हुँदा अभिभावकहरू पनि खुसी देखिएका थिए। जीवन उपयोगी शिक्षा अहिलेको आवश्यकता हो। विद्यार्थीहरूलाई केवल किताबी ज्ञानमा सीमित नराखी, व्यवहारिक सीप, नैतिक मूल्य र संस्कारमा आधारित शिक्षाले उनीहरूको सर्वांगीण विकासमा मद्दत पुऱ्याउँछ। नमुना विद्या सदनले यस्ता कार्यक्रमहरू आयोजना गरेर विद्यार्थीहरूको सिर्जनात्मकता र व्यावहारिक ज्ञानलाई प्रोत्साहन गर्दै आएको छ, जसले उनीहरूलाई भविष्यमा सक्षम र जिम्मेवार नागरिक बन्न सहयोग पुऱ्याउँछ। यसरी, नमुना विद्या सदनले शैक्षिक गुणस्तर र अतिरिक्त क्रियाकलापहरूमा उत्तिकै ध्यान दिँदै, विद्यार्थीहरूको सर्वांगीण विकासमा महत्वपूर्ण भूमिका खेलिरहेको छ। यस्ता कार्यक्रमहरूले विद्यार्थीहरूलाई व्यवहारिक ज्ञान, संस्कार र जीवन उपयोगी सीप सिक्न मद्दत पुऱ्याउँछ, जसले उनीहरूको भविष्य उज्ज्वल बनाउन सहयोग पुऱ्याउँछ।

# लुम्बिनीका पत्रकारलाई पुँजीबजार सम्बन्धी प्रशिक्षण

## *१२ जिल्लामा विस्तार गर्ने योजना*

■ सरला सुवेदी
बाँके, फागुन/०२

नेपाल धितोपत्र बोर्डको आयोजनामा तथा नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिको सहकार्यमा लुम्बिनी प्रदेशका आर्थिक पत्रकारका लागि एक दिवसीय पुँजीबजार सम्बन्धी अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम भालुबाङमा सम्पन्न भएको छ। प्रदेशभरका पत्रकारहरूलाई पुँजीबजार सम्बन्धी रिपोर्टिङ गर्न सजिलो होस् भन्ने उद्देश्यले तालिमको आयोजना गरिएको नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिका अध्यक्ष शुक्रऋषि चौलागाईंले जानकारी दिनुभयो। उहाँका अनुसार यो तालिमले आर्थिक विषयमा कलम चलाउने पत्रकारहरूलाई महत्वपूर्ण सहयोग पुऱ्याउनेछ। "पत्रकारहरूले आर्थिक विषयमा कलम



चलाउन धेरै प्राविधिक कुराहरू सिक्नुपर्ने हुन्छ," चौलागाईंले भन्नुभयो, "सरकारले पत्रकार हरूको क्षमता तथा सीप विकासका लागि लगानी गर्नुपर्छ।" तालिममा पुँजीबजार, धितोपत्र बोर्ड, बजारको जोखिम पहिचान, वित्तीय साक्षरता, पुँजीबजार सम्बन्धी रिपोर्टिङ लगायतका विषयमा प्रशिक्षण प्रदान गरिएको महासंघ लुम्बिनी प्रदेशका महासचिव पाण्डव प्रसाद शर्माले बताउनुभयो। उहाँका अनुसार मोफसलमा विधागत पत्रकारिता विकास गर्नु चुनौतीपूर्ण भए पनि यस किसिमका तालिमहरूले पत्रकारहरूको क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ। "आगामी दिनमा प्रदेशका १२ ओटै जिल्लामा पुगेर पत्रकारहरूलाई तालिम प्रदान गर्ने हाम्रो योजना छ," महासचिव शर्माले भन्नुभयो। तालिमका प्रशिक्षकहरूमा नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारी, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडका सहायक प्रवन्धक मुराहरी पराजुली, नेपाल धितोपत्र बोर्डका सहायक निर्देशक अजय ढुंगाना, तथा सिडिएस एण्ड क्लियरिङ लिमिटेडका सहायक प्रवन्धक सुरज कार्की रहनुभएको थियो।

*बाँकी ४ पेजमा...*

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
www.namastekarnali.com



**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## नागरिकमैत्री निजामती सेवा

राज्य सञ्चालनमा निजामती सेवाको भूमिका विश्वभरि नै स्वीकार गरिएको सत्य हो । राजनीतिक नेतृत्वबाट आउने सरकार सधैँ स्थिर हुन सक्दैन । जनमतका आधारमा नेतृत्व परिवर्तन भइरहन्छ। आवधिक निर्वाचन तथा त्यसको संरचनाले सरकार फेरबदल स्वाभाविक छ। जनमतको सम्बोधन गर्नुपर्ने हुँदा नीति निर्माण भने राजनीतिक नेतृत्व तहबाटै हुन्छ। त्यस्तो नीतिको कार्यान्वयन भने निजामती संरचनाबाटै हुनु पर्छ। सामान्यतया निजामती सेवा स्थायी संरचना हो। कतिपय मुलुकले सरकार परिवर्तनसँगै प्रशासनिक संयन्त्रको उच्च तहमा फेरबदल पनि गर्न सक्छ। देशको संविधान, कानुन व्यवस्था, परम्परा आदिले यो विषय तय गरेको हुन्छ। सरकारले चाहे जसरी प्रशासनिक संरचनाले सेवा प्रवाह गर्न नसकेको गुनासो धेरैतिर सुन्न पाइन्छ। खास गरी विकासशील मुलुकमा प्रशासन संयन्त्र चुस्तदुरुस्त हुन नसकेको देख्न सकिन्छ। नेपालको सन्दर्भमा पनि विगतका धेरै सरकारले प्रशासनिक संयन्त्रबाट लक्ष्य अनुसार काम हुन नसकेको भनाइ आएको छ। सरकारको नेतृत्व तहबाट मात्रै होइन, नागरिक तहबाट समेत प्रशासनिक संयन्त्रबाट आवश्यक सेवा पाउन नसकेको गुनासो विगतदेखि अहिलेसम्म पनि कायम छ। त्यसैले सरकारी संयन्त्रबाट सेवा प्रवाहमा सुधार अति नै गम्भीर विषय बनेको छ। वर्तमान सरकार बनेपछि नै सेवा प्रवाहमा ध्यान दिन खोजिएको देखिन्छ। देशमा संघीयसहित तीन तहका सरकार छन्। तीन तहकै सरकारबाट नागरिकले अपेक्षा गरे अनुसारको सेवा पाउन कठिन परिरहेकै छ। अनियमितता र भ्रष्टाचारको अवस्था बढाउनुमा पनि प्रशासनिक तह र तप्का दोषबाट उन्मुक्त हुन सक्दैन। विश्वव्यापी भ्रष्टाचारको सूचीमा नेपालको अवस्था गत वर्षभन्दा अझ खस्किएको नाजुक नजिता केही दिनअघि मात्र सार्वजनिक भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिकोत्सव अवसरमा पनि संघसँगै प्रदेश र स्थानीय तहमा भ्रष्टाचारको जाझो फैलिँदै गएको उजुरी पर्ने गरेको भनाइ बाहिर आएको ताजै छ। यी सबै तथ्यबाट निजामती प्रशासनमा सुधार अपेक्षित छ। प्रधानमन्त्री केपी शर्मा ओलीले समयमै नागरिकलाई सेवा दिन नसक्नु अक्षम्य हो भन्नुभएको छ। जनतालाई निष्पक्ष एवं छिटो छरितो रूपमा सेवा दिन कर्मचारीलाई आग्रह गर्नुभएको छ। प्रधानमन्त्री ओलीले नेपाल निजामती कर्मचारी संठनको १२ औँ महाधिवेशनको बुधबार आरम्भ गर्दै सेवा प्रवाहमा यो र त्यो पार्टी नभनी निष्पक्ष सेवा दिन आग्रह गर्नुभयो। सेवाग्राही बनेर कुनै पनि सरकारी कार्यालय पुग्दा जोकोहीले पनि सजिलै काम भएको बिरलै अनुभव गर्छन्। कतिपय अतिरिक्त रकम भुक्तानी गर्नुपर्ने अवस्थासमेत हुन्छ। निजामती संयन्त्रले जतिसक्दो छिटो र सरल तवरले सेवाग्राहीको काम गर्नुपर्ने हो। कर्मचारीले पाउने तलबभत्ता तथा सेवासुविधा जनताको रगत पसिनाबाट सिर्जित राजस्वबाटै प्राप्त हुने हो। जनताकै करबाट चल्ने निजामती प्रशासनले जनताकै काम नगर्दा अवस्था कस्तो होला ? केही घण्टामा हुने कामलाई दिनभर लगाइदिन्छन्। एकै दिनमा हुने काम भोलि भन्दै पर सार्ने प्रवृत्तिसमेत छ। कतिपय काम त महिनौँ पनि हुँदैनन्। मन्त्रालयमै फाइल महिनौँ अगाडि नबढेका अनेक उदाहरण छन्। सरकारका कतिपय मन्त्री नै फाइल अगाडि नबढेको विषय सार्वजनिक कार्यक्रममै उठाउने गर्छन्। लोकतान्त्रिक प्रणालीमा संगठित हुने अधिकार सबैलाई छ। निजामती सेवामा युनियन प्रणालीको अवधारणा विवादास्पद रहँदै आएको छ। नेपालमा पनि कर्मचारीको हक हितका लागि अन्तर्राष्ट्रिय श्रम संठनको सिद्धान्तबमोजिम मर्यादामा रहेर संगठन गर्न पाउने हकसम्म ठिकै हो। संगठनका नाममा काममै ढिलासुस्ती गर्ने प्रवृत्ति भने गलत मान्नु पर्छ।

# आखिर प्रेम किन ?

वीणा सिन्हा



प्रेम सत्यम् शिवम् सुन्दरम् हो । प्रेम सर्वव्यापी, असीमित र अपार हुन्छ । प्रणय दिवस आज ‘भ्यालेन्टाइन्न डे’का नाममा संसारले मनाइरहेका छन् । यसबारे धेरै कथा छन् । तर प्रारम्भिक जानकारी पुरातन रोमनबाट आउँछ । जब उनीहरूले १४ फेब्रुअरीमा आफ्ना देवता जुनोको पूजा गरेका थिए । यद्यपि, आधुनिक भ्यालेन्टाइन डे १४औं शताब्दीको मध्यमा बेलायत र फ्रान्समा मनाउन थालियो । सबैभन्दा लोकप्रिय कथा ‘सेन्ट भ्यालेन्टाइन’को हो, जो तेस्रो शताब्दीमा रोमन पादरी थिए । धेरै सेन्ट भ्यालेन्टाइनको मृत्युपछि उनको सम्झनामा फेब्रुअरी १४ मा भ्यालेन्टाइन डे मनाउने गरेको इतिहासकारको विश्वास छ । तेस्रो शताब्दीमा रोममा क्लाउडियस नामका शासक थिए । बिहे गरेमा उसको शक्ति र बुद्धि नष्ट हुन्छ, घरधनी बनेपछि घरपरिवारको जिम्मेवारी बढ्दै जाँदा पुरुषले आफ्नो शक्ति गुमाउन थाल्छन् भन्ने उनको विश्वास थियो । त्यसपछि उनले अनौठो घोषणा गरे- ‘अबदेखि कुनै पनि अफिसर वा सिपाहीलाई विवाह गर्न दिइने छैन ।’ यसमा कतिपयले असहमति जनाए । सेन्ट भ्यालेन्टाइन तीमध्ये एक थिए । सेन्ट भ्यालेन्टाइन रोमन पादरीले क्लाउडियसको खुलेर विरोध मात्र गरेनन्, उनले सबैलाई प्रेम र विवाह गर्न प्रोत्साहित गरे । यसै क्रममा केही अफिसर र सिपाहीको विवाह भयो । जब सेन्ट भ्यालेन्टाइनले क्लाउडियसको विश्वासको विपरीत प्रेम र विवाहलाई प्रेरित गरे, त्यसैले उनलाई जेल हाल्ने आदेश दिइयो । उनी थुनिए । अन्ततः सेन्ट भ्यालेन्टाइनलाई फाँसीको आदेश सुनाइयो । फाँसीको आदेश सुनेपछि, सेन्ट भ्यालेन्टाइनले जेलरकी आँखा नदेख्ने छोरीलाई प्रेमपत्र लेखे-‘योर भ्यालेन्टाइनबाट ।’ यससँगै उनले मायाको फूलको उपहार पनि पठाए । मृत्यु हुनुअघि उनले जेलरलाई भने, ‘म मरेपछि, म तिम्री छोरीलाई मेरा आँखा दिनेछु ।’ भ्यालेन्टाइनलाई त्यसबेला फेब्रुअरी १४ मा फाँसी दिइयो । समयसँगै मानिसहरूले यस दिनलाई भ्यालेन्टाइनलाई समर्पण गर्दै ‘भ्यालेन्टाइन डे’ मनाउन थाले । यस दिन प्रेमीप्रेमिकाबीच माया साटासाट गर्ने, प्रेम प्रस्ताव राख्ने, मुटुभित्र दबिएको प्रेम भावना प्रकट गर्ने गरिन्छ । प्रेमीले प्रेमिकालाई र प्रेमिकाले प्रेमीलाई उपहार पनि दिने गरिन्छ । नेपालमा पनि भ्यालेन्टाइन डे उत्साहका साथ मनाउन थालिएको छ । युवा पुस्ता खानपिन र नाचगानसँगै रमाइलो गर्छन् । कलेजमात्र होइन, विद्यालयबाट पनि यता ध्यान दिने युवा पुस्तामा विदेशी प्रभाव बढेको छ । जसले भविष्यसम्म नराम्रो प्रभाव पार्ने देखिएको छ । हाम्रो संस्कृति, रहनसहन र परम्परा समाज सुहाउँदा छन् तर युवा पुस्ताका लागि पश्चिमी संस्कृति लोभलाग्दो हुन्छ । अहिले विदेशी रहनसहन भेषभूषा, संस्कृति र परम्परा अनुसरणको होड नै चलेको छ । प्रेम पवित्र हुन्छ, प्रेममा त्याग पनि हुन्छ । प्रेम गर्नु र त्यसलाई सभ्य तरिकाले व्यक्त गर्नु गलत होइन । प्रेममा नशा पनि हुन्छ । प्रेममा सबै कुरा सही हुन्छ भनेर अतिरञ्जना गर्नेहरू गरिरहेकै छन् । यस्तो पश्चिमी मुलुकको अनुसरण गर्दा नेपाली संस्कृतिमा आँच नआओस् भनेर ध्यान पुर्‍याउनु पर्छ । प्रेमलाई धेरै प्रकारले वर्गीकरण गर्न सकिन्छ । मानव प्रेम, प्रकृति प्रेम, संस्कृति प्रेम, समाज प्रेम, देश प्रेम आदि । यो सबै प्रेम जायज र स्वीकार्य छ । तर प्रेमको आजजस्तो विकृत स्वरूप देखा परिरहेको छ । सार्वजनिक स्थलमा हामी असभ्य र अश्लील व्यवहार देखाउन थालेका छौं । अहिले प्रेम यान्त्रिक हुँदै गइरहेछ । युवा अवास्तविक प्रेमतर्फ मुखरित भएका छन् । सर्लाहीका सत्येन्द्र कुमार राम र नेहा रौनियारले प्रेम-सम्बन्धलाई विवाहमा रूपान्तरण गरे । तर, उनीहरूको विवाहलाई रौनियार परिवार र समाजले सहजै स्वीकार गरेन । दुईजनाको जान मार्ने धम्की आएपछि संसद्मा पनि यो कुरा उठ्यो । २०७७ जेठ १० गते अन्तरजातीय प्रेमसम्बन्धकै कारण रुकुमको सोतीमा नवराज विश्वकर्मालगायत ६ जना युवाको नरसंहार भयो । यस्तो घटना पनि भइरहेको छ -प्रेमीद्वारा प्रेमिकाको हत्या, पतिबाट पत्नीको हत्या, प्रेमविवाह गर्ने जोडी घरबाटै निकालिए आदि । पवित्र र विशुद्ध प्रेमको सट्टा कृत्रिम र अवैध सम्बन्ध बढिरहेको छ । सहरी क्षेत्रमा मात्र होइन, ग्रामीण क्षेत्रमा पनि यस्तो सम्बन्ध बढिरहेको छ । जसकारण महिला बलात्कार र हिंसाको घटना बढिरहेछ । परिवारकै पुरुष सदस्यको अवैधप्रेम सम्बन्धको पासोमा परेर पीडित हुने महिलाले बदनाम हुने डरले सत्य कुरा खोल्न सकेका हुँदैनन् । भनेको खण्डमा उनी परिवार र समाजबाट अपहेलित हुनुपर्छ । पश्चिमी मुलुकमा अविवाहित पुरुष, विवाहित महिला, एकल पुरुष र महिलाबीच प्रेमसम्बन्ध राख्ने आमप्रचलन छ । बेलायतमा २५ प्रतिशत, डेनमार्क, नर्वे तथा स्विडेनमा ५० प्रतिशत बच्चा यस्तो सम्बन्धबाट जन्मेका हुन्छन् । फ्रान्समा १७.५ तथा अस्ट्रेलियामा २२ प्रतिशत जोडी ‘लिभिङ टुगेदर रिलेसनसिप’मा बसिरहेका हुन्छन् । भारतमा यस्तो सम्बन्धलाई न्यायालयले कानुनी मान्यता दिएको छ । नेपालमा कानुनी मान्यता दिइएको छैन । तापनि यस्तो सम्बन्ध राख्नेको संख्या बढिरहेछ । परिणामस्वरूप दाम्पत्य सम्बन्ध टुट्ने, परिवार विखण्डित हुने जस्ता घटना बढिरहेका छन् । पश्चिमी र विकसित भनिएका समाजमा ८० प्रतिशतभन्दा बढी मुद्दा पतिपत्नीबीचको पार पाचुकेसित सम्बन्धित हुन्छ । प्रेम गर्नु कुनै अपराध होइन तर प्रेमका नाममा अवैध यौन सम्बन्ध राख्नु वा यस्तै हर्कत प्रदर्शन गर्नु नेपाली समाजमा अपाच्य विषय हो । प्रेम महोत्सव, प्रणय दिवसको नाममा आधुनिक बन्दै दौडनु र देखासिखी गरेर जथाभावी गर्नु कुनै हिसाबले तार्किक हुँदैन । त्यसबाट उत्पन्न परिणामको पनि ख्याल गर्नुपर्छ । वास्तवमा साँचो माया गर्नेका लागि कुनै विशेष साइत, दिवस वा पर्वको बाटो कुर्नु पर्दैन ।

*-अन्नपूर्ण*

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौं, बाजुरा

# नमुना विद्या सदन स्कुलमा विज्ञान प्रदर्शनी र सांस्कृतिक फुड फेस्टिभलसँगै बार्षिक उत्सवका केहि झलकहरु









































# हुम्लामा सिमकोट गाउँपालिका उत्कृष्ट

नमस्ते समचारदाता

हुम्ला, फागुन/०२



राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/०८१ को कार्यसम्पादन मूल्याङ्कनमा सिमकोट गाउँपालिका उत्कृष्ट ठहरिएको छ। १७ वटा सूचकका आधारमा स्थानीय तहरुको कार्य सम्पादन मूल्याङ्कन गर्दा सबैभन्दा बढी अङ्क प्राप्त गर्दै सिमकोट यसवर्ष उत्कृष्ट भएको हो । वित्त आयोगले सार्वजनिक गरेका विवरण अनुसार सात स्थानीय तहमध्ये सिमकोट गाउँपालिकाले ७७ प्रतिशत अङ्क प्राप्त गरी पहिलो स्थान प्राप्त गरेको छ । साथै खार्पुनाथ गाउँपालिकाले ७१ दशमलव एक प्रतिशत अङ्क प्राप्त गरी दोस्रो स्थानमा रहेको छ । यसैगरी, ताँजाकोट गाउँपालिकाले ६१ दशमलव २ अङ्क ल्याएर तेस्रो भएको छ । चंखेली गाउँपालिकाले ५७ दशमलव ६, अदानचुली गाउँपालिकाले ४९ दशमलव ९ प्रतिशत, सर्केगार्ड गाउँपालिकाले ४४ दशमलव ४ प्रतिशत अङ्क पाएका छ भने सबैभन्दा कम नाम्खा गाउँपालिकाले ३९ प्रतिशत अङ्क प्राप्त गरेको छ । आर्थिक वर्षको राजस्व र आय व्ययको अनुमान, समयमा गाउँसभामा पेस गरे नगरेकोदेखि समयमा बजेट पास भए नभएको, स्थानीय तहले प्रदेश तथा संघमा पठाउनुपर्ने राजस्व समयमा पठाएको, शिक्षा, स्वास्थ्य, राजस्व तथा विद्यार्थी भर्ना, चालु तथा पुँजीगत खर्च लगाएतका १७ वटा सूचाङ्कमा मूल्याङ्न हुने गर्दछ । सुशासन, समन्वय, पूर्वाधार, न्यायीक कुराहरु पनि सुचकमा राखिएका हुन्छन् । सिमकोट गाउँपालिकाका लेख अधिकृत बिशाल बाहेराले शिक्षा, स्वास्थ्य, कर्मचारी जनप्रतिनिधिका तालिमका कुरा पनि समेटिएको बताउनुभयो । नीति, नियम, कानुन बमोजिम काम भएन-भएको, बेरुजुका कुरा छन् त्यसलाई न्यूनीकरण गर्नुपर्छ । उहाँले शिक्षा र स्वास्थ्यमा उच्चतम हाशिल गर्ने हो, त्यसमा लागनी, त्यस्ता खालका कुरामा लगानी गर्दाखेरी उच्चम नम्बर आउने बताउनुभयो । शिक्षा, स्वास्थ्यका अङ्कसँगै, भौतिक पूर्वाधार, लेखाका सुत्र प्रणाली, बेरुजुका न्यूनीकरण लगायत ती सबैलाई समेटेर अङ्क प्राप्त गर्न सकिन्छ । आयोगले कार्य सम्पादन मूल्याङ्कन सुरु गरेयता सिमकोट गाउँपालिका पहिलो वर्ष कर्णालीमा प्रथम भएको थियो भने हुम्ला जिल्लाका स्थानीय तहमा भने तेस्रो पटक पहिलो भएको छ । यो कार्यमा जिल्लामा उत्कृष्ट भए बापत आयोगबाट पचास लाख रुपियाँ अनुदान पाइन्छ ।

## लुम्बिनीका...

महासंघका सचिव गोविन्द प्रसाद शर्माका अनुसार राजधानीमा पुँजीबजार सम्बन्धी विभिन्न तालिम तथा प्रशिक्षणहरू सञ्चालन भए पनि प्रदेशस्तरमा यसप्रकारको कार्यक्रम पहिलो पटक भएको हो । "प्रदेशस्तरमा पहिलो पटक यस्तो तालिम सञ्चालन भएको छ, अब आगामी दिनमा अझ प्रभावकारी ढंगले विस्तार गरिनेछ," उहाँले बताउनुभयो । प्रदेशका पत्रकारहरूलाई आर्थिक पत्रकारितामा दक्ष बनाउन गरिएको यो पहल स्थानीय तहदेखि राष्ट्रिय मिडिया सम्म प्रभावकारी आर्थिक रिपोर्टिङलाई प्रवर्द्धन गर्ने उद्देश्य राखेर गरिएको आयोजकको भनाइ छ । यदि पत्रकारहरू आर्थिक तथा वित्तीय विषयमा जानकार भए, यसले समग्र समाजलाई सही सूचना प्रवाहमा सहयोग पुऱ्याउनेछ ।


## Himali Rural Municipality
## Office of the Municipal Executive
*Dhulachaur , Bajura*

## Invitation for Bids

**First Date of Publication: - 2081/11/02 BS, 2025/02/14 AD**

1. **Himali Rural municipality Dhulachaur, Bajura** invites only electronic bids from eligible bidders for the construction of following **works** under National Competitive Bidding under the Single-Stage, Single Envelope Biding Procedure.

| SN | Contract No/ Bid No | Description of Works | Total cost of project including VAT & Contingency | Bid Security Amount (NRs) | Bid document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | HRM/NCB/ WORKS/ BUILDINGS/ 08/2081/82 | Ward No. 03 Office Building Construction Work | 5016920.07 | 115000.00 | 3000.00 | |

2. Purchase, Submission and Opening:

| Activity | Date | Time |
|---|---|---|
| Submission of Bid | Up to 2081/12/04 ( 17th Mar. 2025) | 12:00 Hrs |
| Opening of Bid | Up to 2081/12/04 ( 17th Mar. 2025) | 14:00 Hrs |

3. Information to deposit the cost of bid document & Bid Security Amount:
Name of the Bank: Sanima Bank, Dhulachaur, Bajura
Name of Office: Himali Rural Municipality, Dhulachaur, Bajura
Account no.:**074010040000007** (For Bid Document Price)
Account no:**074010020000009** (For Bid Security Amount)
4. Bid meeting shall be held at Himali Rural Municipality, Dhulachaur, Bajura at **2081/11/23 (07 March 2025)** at **13:00** hrs.
5. Bidder should download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should submit their bids: "by electronic only". Bids received after **2081/12/04 (17th March 2025) 12:00** deadline will be rejected.
6. The unit price furnished in words shall prevail in case of any discrepancy between figures and words.
7. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063 including latest amendment as well and Public Procurement Regulation 2064.
8. Bids must be valid for a period of 90 days after bid opening which shall be valid for 30 days beyond the validity period of the bid.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, what so ever.
10. Bidder should compulsory submit the work schedule and Site Visit Report along with the Bid Document.
11. For all other details, please refer to the complete set of bidding documents at Himali Rural Municipality, Dhulachaur, Bajura.

Chief Administrative Officer


# वैदेशिक रोजगारलाई सुरक्षित बनाउन सचेतना कार्यक्रम

नमस्ते समचारदाता

बाँके, फागुन/०२



बाँकेको कोहलपुर नगरपालिका भित्र विभिन्न टोल र गाउँबस्तीका स्थानीय वासीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धि आवश्यक सूचना तथा जानकारी प्रदान गर्ने कार्यलाई अहिले तीव्र पारिएको छ । कोहलपुर नगरपालिकामा सञ्चालनमा रहेको सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत नगरपालिकाका १५ वडाका विभिन्न गाउँबस्तीहरूमा वैदेशिक रोजगारीमा जान चाहने सम्भावित व्यक्तिहरूलाई समुदायस्तरमा पुगेर सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी जानकारी गराउने काम भइरहेको नगरपालिकाले जनाएको छ। रोजगार सेवा केन्द्र कोहलपुरका संयोजक आषिश बर्मासे नगरपालिकाका विभिन्न बस्तीमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आवश्यक न्यूनतम सूचना तथा जानकारी र वैदेशिक रोजगारसम्बन्धी सेवाहरू प्रदान गर्न सरोकारवालाहरूको सेवा तथा सम्पर्क ठेगानाहरूको बारेमा जानकारी दिने उद्देश्यले कार्यक्रमहरु सञ्चालन भइरहेको बताउनुभयो। उहाँले वैदेशिक रोजगारीमा जाने सम्भावित आप्रवासी, श्रमिक वैदेशिक रोजगारीमा रहेका ब्यक्तिका परिवारका सदस्य, वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्ति तथा तिनका परिवार सम्म सुरक्षित, लाभदायक तथा सामाजिक लागत न्यून बनाउन उनीहरुलाई आवश्यक वैदेशिक रोजगारीको लागि आधारभूत सूचना तथा जानकारी दिइरहेको बताउनुभयो । संयोजक बर्माले थप्नुभयो, "हाम्रो टिमले बस्ती बस्तीमा पुगेर अहिले वैदेशिक रोजगारलाई सुरक्षित बनाउने उपायबारे जानकारी गराइरहेको छ । यसले न्यूनतम जानकारीको कमीको कारणले वैदेशिक रोजगारीको प्रक्रियामा झमेला, दुःख तथा ठगीमा पर्नुपर्ने बाध्यताको अन्त्य गर्ने छ ।" वैदेशिक रोजगारीको पूर्व तयारी तथा योजनाको अभावले गर्दा वैदेशिक रोजगारीबाट सोचे जस्तो प्रतिफल प्राप्त गर्न नसकिरहेको अवस्था छ । कम्तीमा न्यूनतम सीप सिकेर विदेश जाने प्रवृत्तिलाई प्रेरित गर्न पनि सचेतना कार्यक्रमले सहयोगी भूमिका निर्वाह गर्दै आएको कोहलपुर नगरपालिकाका मेयर पुर्ण आचार्यले बताउनुभयो । उहाँले सामी कार्यक्रमका स्वयंसेवकहरूले समुदायस्तरमा पुगेर सुरक्षित वैदेशिक रोजगारका विभिन्न आयामहरू बारे जानकारी गराउने काम गरिरहनुभएको जनाउँदै हालसम्म वडा नम्बर १, २, ३, ४, ५, ६, ११, १२, १३ मा सचेतना कार्यक्रम सम्पन्न भइसकेको बताउनुभयो । कोहलपुर नगरपालिकाका अनुसार पछिल्लो समय वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दै गएको छ । बढ्दो बेरोजगार समस्याका कारण विशेष गरी ग्रामीण क्षेत्रका युवाहरू विदेश गइरहेका छन् । रोजगारीका सिलसिलामा यसरी विदेश गइरहेका युवाहरू गन्तव्यमा पुगिसकेपछि विभिन्न दुःख र पीडा खेप्दै आइरहेका छन् । वैदेशिक रोजगारमा जानेहरले यस्ता दुःख र पीडा खेप्न नपरोस् भन्ने उद्देश्यका साथ सचेतना कार्यक्रमलाई चलाउँदै आएको रोजगार सेवा केन्द्र कोहलपुरले जनाएको छ।


## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

खार्पुनाथ गाउँपालिका
हुम्ला



नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903


नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके